# कल्याणकारी कोषको रकम (वाणिज्य बैंकमा) निक्षेप लगानी गर्ने सम्बन्धी कार्यविधि, २०७५

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२(२)मा उल्लेखित व्यवस्था अनुसार कल्याणकारी कोषको रकम लगानी गर्नका निमित्त वोर्डको निर्णय अनुसार गठित कल्याणकारी कोष व्यवस्थापन समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक र परिभाषा

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम **"कल्याणकारी कोषको रकम (वाणिज्य बैंकमा) निक्षेप लगानी गर्ने संम्बन्धी कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ बमोजिम गठित वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड सम्झनु पर्छ ।

(ग) "कल्याणकारी कोष " भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३२ मा व्यवस्था भए बमोजिमको कोष सम्झनु पर्छ ।

(घ) "वाणिज्य बैक" भन्नाले बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ बमोजिमको कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैंक सम्झनु पर्छ ।

(ङ) "कल्याणकारी कोष व्यवस्थापन समिति" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवको संयोजकत्वमा गठित अनुसूचि १ वमोजिमको समिति सम्झनु पर्छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(च) “कार्यकारी निर्देशक” भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४१ बमोजिम नियूक्त बोर्डको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(छ) “प्रस्तावित व्याजदर” भन्नाले वाणिज्य बैंकहरुले बोर्डले आह्वान गरेको सूचना बमोजिम प्रस्ताव गरेको व्याजदर सम्झनु पर्छ ।

(ज) “अधिकतम व्याजदर” भन्नाले वाणिज्य बैंकहरुले बोर्डले आह्वान गरेको सूचना बमोजिम प्रस्ताव गरेको मध्ये सबैभन्दा उच्च व्याजदरलाई सम्झनुपर्छ ।

## परिच्छेद -२
## निक्षेपको नीतिगत आधार तथा लगानी योग्य उपकरणहरु

३. निक्षेपको नीतिगत आधार : (१) कल्याणकारी कोषमा रहेको रकमलाई मूलतः प्रतिफल, सुरक्षा तथा तरलताको आधारमा लगानी गरिनेछ ।

४. लगानी योग्य उपकरणहरु : (१) कल्याणकारी कोषमा रहेको लगानी योग्य रकमलाई वाणिज्य बैंकहरुको मुद्दती निक्षेप तथा कल डिपोजिटमा लगानी गरिनेछ ।

५. लगानीको लागि बैंकहरूको योग्यता तथा शर्तहरू: (१) वाणिज्य बैंकहरूको निक्षेपमा गरिने लगानीको लागि देहायका योग्यता तथा शर्तहरू पुरा गरेका वाणिज्य बैंकहरू हुनुपर्नेछ :-

(क) नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त “क” श्रेणीको बैंक हुनुपर्नेछ ।

(ख) नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम पूँजीकोष पुगेको हुनुपर्नेछ ।

(ग) निष्क्रीय कर्जा (NPA) कुल कर्जा सापटको ५ प्रतिशत भन्दा कम भएको हुनुपर्नेछ ।

(घ) खुद तरल सम्पत्ति-स्वदेशी निक्षेपको २० प्रतिशत भन्दा बढी हुनुपर्नेछ ।

(ङ) विगत ३ (तीन) आर्थिक वर्षदेखि बैंक नाफामा गएको हुनुपर्नेछ ।

(च) कर्जा, स्वदेशी निक्षेप र प्राथमिक पूँजीकोष अनुपात नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनुपर्नेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(छ) रियल स्टेट कर्जा नेपाल राष्ट्र बैंकले तोकेको सीमा भन्दा बढी हुनु हुँदैन ।

(ज) नेपाल राष्ट्र बैंकबाट शीघ्र सुधारात्मक कारवाहीमा परेको हुन हुँदैन र परेको भए फुकुवा भएको १ वर्ष पुरा भएको हुनुपर्नेछ ।

(झ) नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त बैंक घोषणा भएको हुनु हुँदैन ।

(ञ) योग्य भएको व्यहोरा वाणिज्य बैंकहरुले स्वःघोषण गर्नुपर्नेछ ।

## परिच्छेद -३
## निक्षेप गर्ने प्रक्रियागत व्यवस्था

६. स्वीकृत लिनुपर्ने : कल्याणकारी कोषको लगानी योग्य रकम लगानी गर्नुपर्दा लगानी गर्ने प्रक्रिया थाल्नु पूर्व कल्याणकारी कोष व्यवस्थापन समितिवाट स्वीकृत लिएर मुद्दती निक्षेप/ कल डिपोजिटमा जम्मा गरिनेछ ।

७. सोझै दरभाउ पत्र लिने वा सूचना प्रकाशित गर्ने : कल्याणकारी कोषमा रहेको रकम सोझै दरभाउ पत्र लिएर वा सूचना प्रकाशित गरेर मुद्दती निक्षेप / कल खातामा राख्न सकिनेछ ।

८. शिलवन्दी दरभाउ पत्र पेश गर्नुपर्ने : (१) निक्षेप राख्न योग्य कल्याणकारी कोषको रकम निक्षेप लिनको लागि बैंकहरुले शिलवन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

(२) कम्तिमा ५ वटा बैंकहरुबाट दरभाउ पत्र लिएको हुनुपर्नेछ ।

(३) शिलबन्दी दरभाउ पत्र तोकिएको मितिमा खोलिने छ ।

(४) प्राप्त दरभाउ पत्र मध्ये मुल्याङ्कनमा अधिकतम अंक प्राप्त गर्ने बैंकहरुमा निक्षेप राखिनेछ ।

। (५) कुल निक्षेप योग्य रकमको बढीमा १० प्रतिशत मात्र एक वाणिज्य बैंकको निक्षेपमा राख्न सकिनेछ

(६) दरभाउ पत्र मुल्याङ्कन गर्दा बैंकहरुको समान अंक हुन आएमा कल्याणकारी कोष व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति २०७५/१०/१८ मा संशोधित

निर्णय नं. १

कल्याण्कारी कोष व्यवस्थापन समितिको मिति २०७५/०९/०२ को निर्णय अनुसार कल्याणकारी कोषको रकम (वाणिज्य बैङ्कमा ) निक्षेप लगानी गर्ने सम्बन्धि कार्यविधि २०७५ मा पुनरावलोकन तथा परिमार्जन गर्न गठित उपसमितिको बैककले सिफारशि गरे अनुसार परिच्छेद ४ को दफा ९ दरभाउपत्र मूल्याङ्कन सम्बन्धि व्यवस्थाहरुमा देहायवमोजिम परिमार्जन गर्ने निर्णय गरियो ।

## परिच्छेद -४
## दरभाउ पत्र मुल्याङ्कन सम्वन्धी व्यवस्था

(१) निक्षेप लगानीका लागि प्राप्त दरभाउ पत्रहरुको मुल्याङ्कनको भार देहाय बमोजिम हुने छ ।

| क्र.सं. | विबरण | साविक व्यवस्था भार % | हाल स्वीकृत भार % | परिवर्तन गर्नुपरेको कारण |
|---|---|---|---|---|
| १ | ब्याज दर (Interest Rate) | ८० | ८० | परिवर्तन गर्नू नपर्ने |
| २ | निष्क्रिय कर्जाको अनुपात ( Non Performing Assets : NPA) | १५ | ५ | NPA मा घटी बढी भैरहने भएकोले बढी भार दिनु उपयुक्त नदेखिएको । |
| ३ | खुद तरल सम्पति (Net Liquidity : NLP) | ५ | ५ | परिवर्तन गर्नू नपर्ने |
| ४ | पूजिकोष अनुपात **(capital Adequacy Ratio CAR )** | - | ५ | थप गर्न आवश्यक देखिएकोले |
| ५. | खुद सम्पति (Networth) | - | ५ | थप गर्न आवश्यक देखिएकोले |

(अ) व्याजदर वापतको अंक गणना गर्दा प्रस्तावित व्याजदर मध्ये सबैभन्दा अधिकतम व्याजदर प्रस्ताव गर्नेको लागि ८० अंक कायम गरी देहाय बमोजिमको विधिवाट गरिनेछ :-

$$\text{व्याजदरको अंक} = \frac{\text{प्रस्तावित व्याजदर}}{\text{प्रस्ताव भएका मध्येको अधिकतम व्याजदर}} \times ८०$$

**(आ) निस्क्रिय कर्जाको स्तर ( Non Performing Assets : NPA ) का लागि ५ अंङ्क**

(१) १ % भन्दा कम निस्क्रिय कर्जा भएको बैङ्को लागि ५ अंङ्क ।

(२) १.०१ देखि २ % सम्म निस्क्रिय कर्जा भएको बैङ्को लागि ४.५ अंङ्क ।

(३) २.०१ देखि ३ % सम्म निस्क्रिय कर्जा भएको बैङ्को लागि ४ अंङ्क ।

(४) ३.०१ देखि ४ % सम्म निस्क्रिय कर्जा भएको बैङ्को लागि ३.५ अंङ्क ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय २०६४

मिति २०६४/१०/१८ मा संशोधित

(५) ४.०१ देखि ५ % भन्दा घटी निस्क्रिय कर्जा भएको बैङ्कको लागि ३ अंङ्क ।

**(इ) खुद तरल सम्पत्ति (Net Liquidity-NLP ) का लागि ५ अंक :**

(१) कुल निक्षेपको २०.०१ देखि २२% सम्म तरलता भएको बैङ्कको लागि १ अंक ।

(२) कुल निक्षेपको २२.०१ भन्दा माथि २४% सम्म तरलता भएको बैङ्कको लागि २ अंक ।

(३) कुल निक्षेपको २४.०१ भन्दा माथि २६% सम्म तरलता भएको बैङ्कको लागि ३ अंक ।

(४) कुल निक्षेपको २६.०१ भन्दा माथि २८% सम्म तरलता भएको बैङ्कको लागि ४ अंक ।

(५) कुल निक्षेपको २८% भन्दा माथि तरलता भएको बैङ्कको लागि ५ अंक ।

**(ई ) पूजिकोष अनुपात ( capital Adequacy Ratio - CAR) का लागि ५ अंङ्क**

(१). ११ % भन्दा माथि १२ % सम्म पूजिकोष भएको बैङ्कको लागि १ अंक

(२). १२ % भन्दा माथि १३ % सम्म पुजिकोष भएको बैङ्कको लागि २ अंक

(३). १३ % भन्दा माथि १४ % सम्म पूजिकोष भएको बैङ्कको लागि ३ अंक

(४). १४ % भन्दा माथि १५ % सम्म पूजिकोष भएको बैङ्कको लागि ४ अंक

(५). १५ % भन्दा माथि पूजिकोष भएको बैङ्कको लागि ५ अंक

**(उ) खुद सम्पती ( Net worth ) का लागि ५ अंङ्क : ( Total assets - Current Lablities)**

(१) ८ अर्व देखि ९ अर्व Net worth भएको बैङ्कको लागि १ अंक

(२) ९ अर्व भन्दा माथि १० अर्व Net worth भएको बैङ्कको लागि २ अंक

(३) १० अर्व भन्दा माथि ११ अर्व Net worth भएको बैङ्कको लागि ३ अंक

(४) ११ अर्व भन्दा माथि १२ अर्व Net worth भएको बैङ्कको लागि ४ अंक

(५) १२ अर्व भन्दा माथि Net worth भएको बैङ्कको लागि ५ अंक

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय
२०६४

अनुसूचि १

## कल्याणकारी कोष व्यवस्थापन समिति

| | |
|---|---|
| १) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | संयोजक |
| २) महानिर्देशक, वैदेशिक रोजगार विभाग | सदस्य |
| ३) निर्देशक, नेपाल राष्ट्र बैंक | सदस्य |
| ४) अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी संघ | सदस्य |
| ५) कार्यकारी निर्देशक, वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको सचिवालय | सदस्य सचिव |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको सचिवालय
२०६४

मिति २०७५।१०।१८ मा संशोधित

निर्णय नं. २.

कार्यविधिको अनुसुची २ को सट्टा देहायबमोजिकमो अनुसुची २ राख्ने गर्ने निर्णय गरियो ।

## अनुसूची २

### निक्षेपको लागि दरभाउ पत्र पेश गर्ने फारामको नमुना

मिति : ..........................

श्री कार्यकारी निर्देशक ज्यू ,

बैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय,

काठमाण्डौं ।

विषय : सिलवन्दी दरभाउ पत्र सम्बन्धमा ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कल्याणकारी कोषमा रहेको रकम वाणिज्य बैंकहरुमा १ बर्षे मुद्दती निक्षेपमा लगानी गर्ने सम्बन्धमा मिति ................ .मा सूचना प्रकासित भए बमोजिम सूचनामा उल्लेख भएका सवै शर्तहरु पुरा गरि दरभाउ पत्रमा सहभागी हुन योग्य भएको घोषणा गर्दै यो दरभाउ पत्र पेश गरेका छौ. ।

| सि. नं | बैंकको नाम र ठेगाना | निक्षेप लिन चाहेको रकम रु. | | प्रस्तावित व्याज दर (प्रतिशत) | | व्याजदर प्रदानगरिने अवधि |
|---|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | अंकमा | अक्षरमा | |
| १ | | | | | | |

यस...................... . . . . .को .......साल.............महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको छ ।

| क्र.स. | विवरण | इकाई | वित्तीय सूचकांक |
|---|---|---|---|
| १. | निष्क्रिय कर्जा (NPA) : | प्रतिशत | |
| २. | खुद तरल सम्पत्ति/स्वदेशी निक्षेप : | प्रतिशत | |
| ३. | पूँजी कोष :अनुपात | प्रतिशत | |
| ४. | खुद सम्पती ( Net worth ) | रकम रु | |
| ५. | चुक्ता पूँजी | रकम रु | |
| ६. | संस्थागत निक्षेप/ कुल निक्षेप अनुपातमा प्रतिसत / | प्रतिशत | |
| ७ | खुद संचालन मुनाफा | रकम रु | |

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय

मिति २०७४।१०।१८ मा संशोधित

| | | | |
|---|---|---|---|
| | | | |
| ८ | जम्मा निक्षेप रकम<br>(क) संस्थागत .......<br>(ख) व्यक्तिगत ......... | रकम रु | |

**नोट :** १. सम्पूर्ण विवरण नभरी प्राप्त भएको दरभाउपत्र मूल्याङ्कन प्रक्रियामा समवेश गरिने छैन ।

२. माथि उल्लेखित सम्पूर्ण वित्तिय सूचकाङ्कहरु मध्ये मूल्याङ्कन प्रयोजनका लागि तोकिएका सूचकाङ्कहरु मात्र प्रयोग गरिने छ ।

३. दरभाउपत्रको मान्य अवधि तिस दिन सम्म रहने छ । सो भन्दा घटी अवधि भएको वा कुनै शर्त राखिएको दरभाउ पत्र मान्य हुनेछैन ।

४. कुनै पनि बैङ्कमा लगानी गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कल्याणकारी कोष व्यवस्थापन समितिमा रहने छ ।

बैंकको आधिकारीक पदाधिकारीको

दस्तखत

बैंकको नाम :

नाम :

बैंकको ठेगाना :

पद :

बैंकको छाप :

सम्पर्क मोवाईल नम्वर :

इमेल :

मिति :

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय
२०६४

**निर्णय नं. ३**

कार्यविधिको अनुसूची २ पछि देहायवमोजिमको अनुसूची ३ राख्ने निर्णय गरियो ।

अनुसूची ३

**सिलवन्दी दरभाउपत्र मूल्याङ्कन उपसमिति**

१. कार्यकारी निर्देशक- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय - संयोजक

२. निर्देशक - नेपाल राष्ट्र बैङ्क - सदस्य

३. आर्थिक प्रशासन शाखा प्रमुख - श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

४. उपसचिव - कल्याण, पुनस्थापना /पुनएकिकरण तथा संचार शाखा,
वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय - सदस्य

५. आर्थिक प्रशासन शाखा प्रमुख- बै.रो.प्र.वौर्ड सचिवालय - सदस्य सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय
२०६४